यो ठाउँ विज्ञापनको लागि खाली छ।

'क' वर्ग

'अन्याय, अत्याचार र भ्रष्टाचार विरुद्ध निरन्तर प्रहार'

# पर्दाफास

PARDAFAS DAINIK

दैनिक

वर्ष २८ अंक १९४ २०८२ साउन ३० गते शुक्रबार (2025 August 15, Friday) मूल्य ५।–

यो ठाउँ विज्ञापनको लागि खाली छ।

## लम्पीस्किनको संक्रमण भेटिन थालेपछि महानगरले थाल्यो नियन्त्रणको पहल



*वीरगंज २९ साउन ।*
मधेश प्रदेशमा केही दिनयता चौपायाहरूमा लम्पीस्किन रोगको संक्रमण तीव्र रूपमा बढ्दै गएकोमा पर्साको वीरगंज महानगरमा पनि उक्त रोगबाट चौपायाहरू संक्रमित भएको भेटिएका छन्। प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका पछिल्ला तथ्यांक अनुसार प्रदेशभर हालसम्म ५२ हजार ६८६ वटा पशु चौपाया संक्रमित भएकोमा तीमध्ये २३ हजार ७०९ वटा निको भइसकेका छन् १७९ वटाको मृत्यु भएको छ। पर्सा जिल्लामा मात्रै १७९ चौपायामा लम्पीस्किनको सङ्क्रमण भेटिएकोमा तीमध्ये एउटा मात्रै चौपायाको मृत्यु भएको छ। पर्साकै वीरगंज महानगरपालिका वडा नम्बर १, ८, १०, १४, १८, २१, २२, २३, २४ र ३१ मा पनि चौपायाहरूमा लम्पीस्किनको संक्रमण भेटिएको वीरगंज महानगरपालिकाको पशु सेवा शाखाले जनाएको छ। महानगरमा पनि चौपायाहरूमा उक्त संक्रमण पुष्टि भएको भेटिएपछि महानगरपालिकाका मेयर राजेशमान सिंहको निर्देशनमा पशु सेवा शाखा प्रमुख डा. सुदिप कुमार शर्मा, पशु सेवा शाखाका सन्तोष ठाकुर, कृषि शाखा प्रमुख रोशनी यादव, प्रभुराम यादव र वातावरण निरीक्षक प्रकाश बहादुर एरको संयुक्त टोलीले बुधबार करिब आधा दर्जन पशुपालन फार्ममा पुगेर उक्त रोगको अवस्थाबारे निरीक्षण गरेको छ। उक्त टोलीले पशुपालक किसानहरूसँग प्रत्यक्ष भेटघाट गर्दै रोगको बारेमा जानकारी, नियन्त्रण उपाय र गोठ व्यवस्थापन सम्बन्धी समेत जानकारीपनि लिएको पशु सेवा शाखाका प्रमुख डा. शर्माले जानकारी दिए। उनका अनुसार, पशु सेवा शाखाले प्रत्येक संक्रमित वडामा तत्काल उपचार टोली परिचालन, औषधि तथा उपचार सेवा उपलब्ध गराउने, जोखिम क्षेत्रमा अग्रिम खोप भियान सञ्चालन गर्ने, किसान सचेतना कार्यक्रम सञ्चालन गर्ने, संक्रमित चौपायालाई अलग राख्ने र निरन्तर निगरानी तथा तथ्यांक संकलन गर्ने काम थालेको छ। पशु सेवा शाखा प्रमुख डा. शर्माले भने,"हामीले रोग फैलिन नदिने रणनीति अपनाएका छौं। समयमै उपचार, खोप, र किसानसँग प्रत्यक्ष सम्पर्क हाम्रो मुख्य प्राथमिकता हो।" उनले किसानलाई संक्रमित जनावरलाई अन्य पशुबाट अलग राख्न, रोगको लक्षण देखिनासाथ नजिकको पशु चिकित्सक वा पशु प्राविधिकलाई जानकारी दिन, खोर र वरिपरिको सरसफाइमा ध्यान दिन, तथा बाहिरबाट ल्याइएका जनावरलाई कम्तीमा १४ दिन अलग राखेर मात्र मुख्य बथानमा मिसाउन सुझाव दिए। यसका साथै बिहीबार वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले बिहीबार एक सार्वजनिक सूचना जारी गर्दै वीरगंज महानगरका विभिन्न वडामा पशुपालक किसानहरूले पालेको चौपायाहरूमा केही दिनयता लम्पीस्किन रोग देखा परेकाले सावधानी अपनाउन तथा अनावश्यक गाई,भैंसीको ओसार पसार नगर्न पनि अनुरोध गरेका छन्। साथै महानगरभित्र कुनै पनि गाई भैंसीमा लम्पीस्किन रोगको लक्षण देखा परेमा तत्कालै महानगरपालिको पशु सेवा शाखामा सम्पर्क गर्न पनि सम्बन्धित पशुपालक किसानलाई महानगरपालिकाले अनुरोध गरेको छ

*बाँकी तेश्रो पृष्ठमा...*

## सरकारी अनुदानको १९१ बोरा मल बरामद

*वीरगंज २९ साउन ।*
प्रमुख जिल्ला अधिकारीको निर्देशनमा खटिएको संयुक्त अनुगमन टोलीले विभिन्न स्थानमा छापा मार्दा सरकारी अनुदानको रासायनिक मल बरामद गरेको छ। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयको निर्देशनमा सरोकारवाला कार्यालयका प्रतिनिधिहरु सम्मिलित अनुगमन टोलीले बुधबार अनुगमनको क्रममा सखुवा प्रसौनी गाउँपालिका-२ कटेया

*बाँकी तेश्रो पृष्ठमा...*

## सुनचाँदी पसलमा प्रहरीको छापा, व्यापारीको विरोध




*वीरगंज २९ साउन ।*
वीरगंज महानगरपालिका-६ माईस्थानस्थित गहवामाई मन्दिर नजिकको गल्लीमा सञ्चालित दीपसन एण्ड सानवी ज्वेलर्समा बिहीबार प्रहरीले छापा मारेको छ। उक्त सुनचाँदी पसलमा बिलबिजक बिना सुनचाँदीको कारोबार भइरहेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी नायब उपरीक्षक किशोर लम्साल नेतृत्वको टोलीले छापामा मारेको हो। बिहीबार दिउँसो करिब २:३० बजेतिर सुनचाँदी पसलमा छापा मार्न प्रहरीको टोली प्रवेश गरेपछि वीरगंजका सुनचाँदी व्यवसायी र

*बाँकी तेश्रो पृष्ठमा...*

**छिपहरमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिस्वा, पर्सा**
**मधेश प्रदेश, नेपाल**

## कर्मचारी आवश्यक्ता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/३० गते**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र ब्यवस्थित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य बिभिन्न सचेतना मूलक कार्यहरु सम्पादन गर्नका लागि निम्नानुसारको जनशक्तिहरु करारमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्य, अनुभवी ईच्छुक नेपाली नागरिकले माँग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्द्रह) दिन भित्र कार्यालय समयमा रोजगार सेवा केन्द्रमा आवेदन पेश गर्न आहवान गरिएको छ।

| विज्ञापन नं. | रिक्त पद | संख्या | न्युनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| ०१/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | १ | ▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफनर्स वा मान्यता प्राप्त बिश्यबिद्यालयबाट पब्लिक हेल्थ, नर्सिग, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुवेट डिप्लोमा ईन काउन्सेलिंग उतिर्ण गरेको<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकालाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Email, Internet आदी) भएको नेपाली तथा अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने<br>▪ स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने।<br>▪ सामाजिक क्षेत्र वा बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ०२/०८२/०८३ | रिटर्नी स्वयम्सेवक/ सामाजिक परिचालक | २ | ▪ न्युनतम कक्षा १० पास गरी बैदेशिक रोजगारका लागि खाडी मूलुक वा मलेसियामा गई कम्तीमा १ बर्ष काम गरेको अनुभव भएको वा मान्यतता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा पनि +2 पास गरेको<br>▪ KOBO Application मार्फत घरघरमा गई काम गर्नुपर्ने।<br>▪ स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने।<br>▪ सामाजिक क्षेत्र वा बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**कार्य अवधी :** २०८३ अषाढ मसान्त सम्म तर आवश्यक्ता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ।
**परिक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तवार्ताबाट छनौट गरिनेछ।
**आवेदन दस्तुरः** मनोसामाजिक परामर्श कर्ताको लागि रु ५००/- र रिटर्नी स्वयम्सेवक/सामाजिक परिचालकको लागि रु ३००/-
**उमेर :** १८ बर्ष पुरा भई ६० बर्ष ननाघेको।

**तलब तथा सुविधाः**
१. मनोसामाजिक परामर्श कर्ता पदका लागि - सहायक पाँचौ तह सरह
२. रिटर्नी स्वयम्सेवक वा सामाजिक परिचालक पदको लागि - रु १८००० (अक्षरेपी रु अठार हजार मात्र मासिक)

**पेश गर्नु पर्ने कागजातहरुः**
**१. मनोसामाजिक परामर्शकर्ता पदका लागिः**
स्पष्ट पद सहित निवेदन पत्र, ब्यक्तिगत बायोडाटा, नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रतिलिपी र तालिम प्रमाण पत्रको प्रतिलिपी
**२. रिटर्नी स्वयमेसेवक वा सामाजिक परिचालक पदका लागिः**
सपष्ट पद सहितको निवेदन, राहदानीमा Departure तथा Arrival को छाप लागेको प्रमाणको प्रतिलिपी, श्रम स्वीकृति भएको प्रमाणको प्रतिलिपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपी, नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपी र तालिम तथा कार्य अनुभवको प्रमाणको प्रतिलिपी
**३. छनौट प्रकृयाः** प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र परीक्षा प्रकृयामा समावेश गरिनेछ र समावेशी भर्ना प्रकृया अवलम्बन गरिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**